नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
व्यावसायिक प्रशिक्षण केन्द्र
बुटवल, रुपन्देही

फोन नं. ०७१-५४०१३८

**विषय: प्रशिक्षकको सूची (Roster) सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मिति:–२०८१।०४।२५**

प्रस्तुत विषयमा यस केन्द्रद्वारा आ.व. २०८१/०८२ मा सञ्चालन गरिने सीपमूलक तालिमको प्रशिक्षकहरु (Roster) आवश्यक भएको हुँदा व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को दफा १९ बमोजिम प्रशिक्षकको सूची तयार गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको विषयको प्रशिक्षकको सूचीमा समावेश भई यस केन्द्रले तोकेको समय र स्थानमा प्रशिक्षण सेवा उपलब्ध गराउन व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को दफा १८(१) बमोजिमको योग्यता र अनुभव भएका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०८१।०५।०७ गतेसम्म) भित्र तोकिएको ढाँचामा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै दरखास्त फाराम व्यावसायीक प्रशिक्षण केन्द्रको वेभसाईट www.vstbutwal.gov.np मा समेत राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

| क्रं.सं. | तालिमको विषय | क्रं.सं. | तालिमको विषय |
|---|---|---|---|
| १ | व्यूटिसियन (Basic) | ६ | फेसन डिजाइन (Basic) |
| २ | व्यूटिसियन (Advance) | ७ | मन्टेश्वरी (Basic) |
| ३ | कटाई सिलाई (Advance) | ८ | Care Giver Basic |
| ४ | कटाई सिलाई (Basic) | ९ | नर्सरी तथा गार्डेन व्यवस्थापन (Basic) |
| ५ | कम्प्युटर (Basic) | १० | प्रशिक्षक प्रशिक्षण (TOT) |

१. प्रशिक्षकको लागि चाहिने योग्यता र अनुभव सम्बन्धि विवरण:-

| सि.नं. | पद र नाम | शैक्षिक योग्यता |
|---|---|---|
| क | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र/डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्यअनुभव भएको वा सम्बिन्धित विषयमा सीप तह ३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको। |
| ख | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह ३ उर्त्तिण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह २ उर्त्तिण गरी ३ वर्षको कार्य अनुभव भएको। |

द्रष्टव्य:

१. दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित विषयको तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु संलग्न गरी ती प्रतिलिपीहरुको पृष्ठ भागमा व्यक्ति स्वंले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ।

२. तोकिएको योग्यता पुग्ने भए एक भन्दा बढी विषयमा पनि दरखास्त फाराम पेश गर्न सकिने छ। त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ।

३. योग्यता पुगेका प्रशिक्षकहरुको सूची तयार गरी यस केन्द्रको वेवसाईट र सूचनापाटीमा टाँस गरिने छ। साथै तालिम संचालन गर्ने सम्बन्धी निर्णय केन्द्रले गर्ने हुँदा प्रशिक्षक(रोष्टर)को सूचीमा सुचीकृत भएता पनि तालिम संचालन नभएमा सूचीकृत भएका व्यक्तिलाई नियुक्ति गर्न केन्द्र बाध्य हुने छैन।

२०८१।०४।२५
नि. केन्द्र प्रमुख